"हामी बनाउँछौ, हाम्रो नगर"

*७ असार २०८२*

*नेपाल संम्बत ११४५*

# रास्कोट नगरपालिका नगर सभाको १६ औं अधिवेशनमा नगर प्रमुख श्री धर्मराज शाही पोषण ज्यू द्धारा प्रस्तुत

# आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

**"इतिहासका निर्माता जनता हुन्" भन्ने कथनलाई प्रमाणित गर्ने नेपाली जनताको लामो त्याग सँघर्ष र बलिदानबाट प्राप्त संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बमोजिम गठन भएको रास्कोट नगरपालिका नगर सभाको १६ औं अधिवेशनमा उपस्थित**

नगर सभाका उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नगरसभाका सदस्य ज्यूहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु,

नेपाल युगौं देखि नै एक स्वाधीन र सार्वभौम मुलुकको रुपमा रहँदै आएको छ । इतिहासका विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेका वलिदानीपूर्ण संघर्षहरु जनयुद्ध,जनआन्दोलन,मधेस आन्दोलन लगायतका सबै किसिमका राजनीतिक आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान जारी भएपछि हामी संघीयता कार्यान्वयनको दोस्रो कार्यकालमा छौ । आजको यस गौरवपूर्ण घडीमा नेपालको ऐतिहासिक जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायत सबै प्रकारका राजनीतिक आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता नागरिकहरु तथा उहाँहरुका परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु । साथै, विभिन्न चरणका आन्दोलनका घाइते, अशक्त र अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य लाभको कामाना सहित सहानुभूति प्रकट गर्दै सहज जीवनयापनको कामना गर्दछु ।

नेपालको संविधानको धारा २२१ र २२३ तथा संघीय संरचना अन्तर्गत स्थानीय सरकार संचालन ऐन,२०७४ को ब्यवस्था बमोजिम नगर सभाको १६ औं अधिवेशनमा प्रस्तुत हुने आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रमले यस रास्कोट नगरपालिकालाई समृद्धिको शिखरमा पुऱ्याइने काम आफैमा चुनौतिपूर्ण भएता पनि नव निर्माणको यस घडीमा एक ऐतिहाँसिक अवसरको रुपमा लिएर अगाडी बढ्नु हाम्रो प्रमुख अभिभारा हो । नेपालको इतिहासमा संविधान प्रदत्त अधिकार प्रयोगको सिलसिलामा पर्याप्त अधिकारको विन्यास सहितको संघीयता कार्यान्वयनको अर्को चरणमा प्रवेश गरेका छौं।

संविधानले स्थानीय तहलाई दिएको कार्यकारिणी, व्यवस्थापिका र न्यायिक अधिकार मध्ये आज हामी नगर सभामार्फत व्यवस्थापकीय अभ्यास गर्न गइरहेका छौं । अतः यस ऐतिहासिक दिनमा रास्कोट नगरपालिकाको नगर सभाको १६ औं अधिवेशनमा उपस्थित हुनु हुने नगर सभाका सबै सदस्य ज्यूहरु तथा कर्मचारी मित्रहरुलाई नगर सभामा अन्तर हृदय देखि न्यानो स्वागत गर्न चाहन्छु ।

रास्कोट नगरपालिकाको दिगो आर्थिक विकास गर्नु आजको हाम्रो आवश्यकता हो । स्वाधीन, आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्र निर्माण गर्दै सामाजिक न्याय सहितको दिगो आर्थिक विकास हाँसिल गर्नु र रास्कोट नगरपालिका सहित मुलुकको समृद्धिमा योगदान पुर्याई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउनु हाम्रो लक्ष्य हो ।नगर सभाको दशौं अधिवेशनले "हामी बनाउँछौ, हाम्रो नगर" भन्ने सोचका साथ सुन्दर र समृद्ध रास्कोट नगर निर्माण गर्ने अभिभारा सहित नगर सभामा रास्कोट नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महशुस गरेको छु ।

नगर सभा सदस्यज्यूहरु,

अब म यस सम्मानित सभामा हाल सम्म अवलम्वन गरिएका मुख्य नविनतम् नीति तथा कार्यक्रमहरुको समीक्षा गर्ने अनुमती चाहान्छु ।

- **वार्षिक कार्य योजना निर्माण:-** रास्कोट नगरपालिकाको वार्षिक कार्य योजना सहितको कार्यपात्रो तयार गरि कार्यन्वयनमा रहेको छ।
- **हेलो मेयर कार्यक्रम :-** सुशासनलाई प्रभावकारी बनाउन सोधपुछ कक्ष स्थापना गर्नुको साथै गुनासो सुनुवाईका लागि टोल फ्रि नं १६६०८७४४०४४ सञ्चालनमा रहेको छ।
- **पहिचान सहितको लोगो:-** रास्कोट नगरपालिकाले आफ्नो पहिचान सहित तयार पारेको लोगो नगर सभाबाट पारित गरि प्रयोगमा ल्याइएको छ।
- **नगर प्रहरीको गठन:-** रास्कोट नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन २०७९ अनुसार गठन भएको नगर प्रहरीले शान्ति सुरक्षा, सुशासन, पारदर्शिता र राजश्व संकलनमा उल्लेखनीय भुमिका निर्वाह गरिरहेको छ ।
- **स्मार्ट नगरपालिकाको आधार तयार गर्नका लागि स्मार्ट सिटि क्षेत्र विस्तार:-** कालिकोटकै सुन्दर नगरी रास्कोट नगरपालिकाको केन्द्र आर.सि.पि.बजारलाई स्मार्ट सिटी बनाउने लक्ष्य अनुसार बजार आसपासको १.९० कि.मि.सडक कालोपत्रे गरिएको छ भने ४५ वटा पक्कि सटरहरु सञ्चालनमा आएका छन् ।जसका कारण आन्तरिक राजश्व संकलन वृद्धि भएको छ । बजार थप ब्यवस्थित र विस्तार गर्ने कार्य चलिरहेको छ ।
- **प्रशासनिक संरचना निर्माण:-** रास्कोट नगरपालिकाका ६ वटा वडा कार्यालयका भवनहरु निर्माण कार्य सम्पन्न भई सकेका छन् भने २ वटा वडा कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेका छन् ।
- **इलाका प्रशासन तथा भवन;-** रास्कोट नगरपालिकामा इलाका प्रशासनको प्रशासनिक भवन निर्माणधिन अवस्थामा रहेको छ भने इलाका प्रशासन कार्यालय स्थापना सम्बन्धि प्रकृया अन्तिम चरणमा रहेको छ।
- **मेयर हेल्थकेयर कार्यक्रम सञ्चालन:-** **"भरोसा होस नगर माथी, गाउँ घरमा स्वास्थ्य कर्मी साथी"** भन्ने कथनलाई सार्थक बनाउन मेयर हेल्थ केयर कार्यक्रम मार्फत नगरालिकाले स्थानीय नागरिकको घर आगनमा पुगेर स्वास्थ्य सेवा तथा परामर्श उपलब्ध गराउदै आएको छ ।एक वर्षमा १२६५ जना जेष्ठ नागरिक,गर्भवती महिला,अपाङ्गता भएका व्यक्ती लगायतले आफ्नो घर आगनमै स्वास्थ्य सेवा प्राप्त गरेका छन ।
- **रास्कोट अस्पताल :-** रास्कोट अस्पताल कर्णाली प्रदेश सरकारको रणनैनिक अस्पतालको रुपमा घोषित भइ प्रदेश सरकारबाट २ जना चिकित्सक र नगरपालिकाबाट १ जना चिकित्सकको लगाएतका स्वास्थ्य कर्मीको व्यवस्थापन गरि **वहिरंग र अन्तरंग** सेवा प्रवाह भईरहेको छ । साथै विभिन्न प्रकारका शिविरहरु संचालन भइरहेका छन् ।
- **नगरपालिका भित्रका सार्वजनिक क्षेत्रहरु व्यवस्थित गर्ने:-** सार्वजनिक क्षेत्रहरुमा लगाइएका घर टहरा खाली गर्ने कार्य कार्यान्वयन गरि लेकाली भेगमा उपभोग गरिरहेको सार्वजनिक जग्गा ११ लाख ८३ हजार बर्ग मिटर पहिचान गरि सकिइएको र यसै आर्थिक वर्षबाट उक्त जग्गामा कर लगाइ करको दायरामा ल्याउने कार्य अघि बढाइएको छ ।
- **राष्ट्रिय वाणिज्य बैंकको शाखा स्थापना:-** रास्कोट नगरपालिकामा राष्ट्रिय वाणिज्य बैङ्कको शाखा कार्यालय स्थापना र ग्लोबल बेङ्कले नागरिकहरुको बैंङ्गिग सेवामा पहुँच बृद्धि हुनुको साथै विपन्न नागरिक कर्जा उपलब्ध भइरहेको छ ।
- **भूमि वर्गीकरण:-** भु -उपयोग नीति २०७९ बनाई रास्कोट नगरपालिकाको भूमिको वर्गीकरण गरि सम्बन्धित निकायमा पेश गरि कार्यन्वयनमा आएको छ।
- **सामाजिक सुरक्षा भत्ता घर आँगनमा वितरण:-** रास्कोट नगरपालिकाको सहजिकरणमा राष्ट्रिय वाणिज्य बैंक र ग्लोबल आई एम ई बैंकको सहयोगमा ८०० भन्दा बढी जेष्ठ नागरिकहरु र अपाङ्गता भएका लाभग्राहीहरु लाई सम्बन्धीत वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिएको छ ।
- **उप-प्रमुख सशक्तीकरण (लक्षित वर्ग) कार्यक्रम सञ्चालन :-** रास्कोट नगरपालिकाका सम्पूर्ण लक्षित वर्गका कार्यक्रमहरु प्रभाबकारी रुपमा कार्यान्वयनमा ल्याइएको छ।

- **स्वच्छ खानेपानीको पहुँच विस्तार:-** रास्कोट नगरपालिकामा स्वच्छ खानेपानीको पहुँचमा विस्तारका लागि १३ सय घरधुरीलाई एन वास प्रणालीमा जोडिएको छ भने **२४ सय** घरधुरीमा एक घर एक धारा निर्माण कार्य सम्पन्न गरिएको छ।
- **नागरिक निर्जिवन घर विमा कार्यक्रम:-** रास्कोट नगरपालिकालाई विपत जोखिम न्यूनीकरण गर्न २ हजार ४ सय ९० घरहरुको निर्जिवन घर बिमा गरि विमाङ्क रकम नगरपालिकाले व्यहोरेको छ । विपद् बाट क्षति पुगेका घर धनीले विमा वापतको रकम प्राप्त गरेका छन् ।
- **स्वास्थ विमा:-** रास्कोट अस्पताललाई स्वास्थ्य बिमा कार्यक्रममा सुचिकृत गराइएको छ । यसबाट नगरपालिका र छिमेकी पालिकाका नागरिकले समेत रास्कोट अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत रु १ लाख सम्मको उपचार सुविधा लिइरहेका छन । भने यस वर्षबाट रास्कोट अस्पतालमा जनयुद्धकालिन शहिद परिवार,घाइते अपाङ्गता विपन्न असाय घर परिवारहरुको स्वास्थ्य बिमाको प्रिमियम रकम नगरपालिकाले ब्यहोरेको छ ।
- **कार्वन ट्रेडसंग नगरपालिका:-** रास्कोट नगरपालिकाका २ हजार घर धुरीलाई सुधारिएको चुलो वितरण गरी धुवा न्यूनिकरण नगरपालिका बनाए वापत नेपालले कार्वन उत्सर्जन गर्ने राष्ट्रहरुबाट करीव २० हजार डलर आम्दानी गर्ने प्रकृयामा रहेको छ ।
- **विधुत काउन्टर स्थापना:-** प्रदेश निर्वाचन क्षेत्र 'ख' का नागरिकहरुलाई सुबिधा प्रदान गर्नका आरसिपी बजारमा विधुत महशुल काउन्टर स्थापना गरिएको ।
- **फाइवर नेट** :-रास्कोट नगरपालिकाका सबै वडा तथा सेवा कार्यालयहरुमा फाइवर लाइन विस्तार गर्ने नगरपालिकाको प्रयत्नले सार्थकता पाएको छ ।
- **रैथाने खाद्य बस्तुको खरिद विक्रि केन्द्र:-** प्ररम्परागत रुपमा रहेका रैथाने खाद्य वस्तुहरुको संकलन र विक्रि वितरण गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सँगको सहकार्यमा स्थापना भएको विक्रि केन्द्रबाट सुलभ मूल्यमा खाद्य सामाग्रीहरु विक्रि वितरण भइरहेको छ । भने यसै वर्षबाट रैथाने खाद्य वस्तु खरिद तथा संकलन प्रकृया अगाडी बढाइने छ ।
- **आयोडिन युक्त नुन वितरण :-** साल्ट ट्रेडिङ्ग कर्पोरिशन लिमिटेड मार्फत नियमित रुपमा ३ हजार घर धुरीलाई रास्कोटमै आयोडिन युक्त नुन वितरण भइरहेको छ ।
- **आन्तरिक राजश्वमा वृद्धि :-** आर्थिक वर्ष २०८०/०८१ मा ९७ लाख आन्तरिक राजश्व संकलन भएको थियो भने आर्थिक वर्ष २०८१/०८२ को हाल सम्म ७५ लाख संकलन भइसकेको छ। मसान्त सम्म १ करोड पुर्याइनेछ ।
- **एक घर एक ओखर बगैचा कार्यक्रम:-** रास्कोट नगरपालिकाको सबै वडाहरुमा रहेका समुह फर्महरु मार्फत ओखर पकेट क्षेत्र कार्यान्वयन गरिएका छन । नगर भरि एक घर एक ओखर कार्यक्रमले समेत ओखर खेतिमा महत्वपूर्ण योगदान रहेको छ ।
- **उन्नत बिउ विजन वितरण :-** नगरपालिकाको सबै वडाका ४ हजार ६ सय जना कृषकहरुलाई बिउ वितरण गरिएको छ ।
- **बृहत् सिँचाई आयोजना:-** नगरपालिकाको गौरवको आयोजनाको रुपमा कृषि योग्य जमिनलाई सिँचाई गर्न एकिकृत बृहत् सिँचाई कुलाहरुमा छेत्तडी, भिडकुलो र बाँग्री कुलो) निर्माणाधिन अवस्थामा रहेका छन ।
- **औद्योगिक ग्राम स्थापना :-** नेपाल सरकार औद्योगिक ग्राम घोषणा कार्यक्रम अन्तर्गत गरेको नीति अनुसार रास्कोट नगरपालिकाको भू-वर्गीकरण गरी वडा नं. ६ स्थित कालापानीमा औद्योगिक ग्राम निर्माणाधिन अवस्थामा रहेको छ ।
- **आधुनिक माटोका भाँडा उद्योग:-** रास्कोट नगरपालिका वडा नं ३ मा आधुनिक माटोका भाँडा बनाउने उद्योग स्थापना भइ सञ्चालनमा रहेको छ।
- **कृषि मेला:-** नगरपालिका भरीका कृषकहरुको कृषि उत्पादनलाई बजारीकरण गर्न कृषि संकलन केन्द्र निर्माणको काम सम्पन्नका साथै कृषि प्रर्दशनी मेला सम्पन्न भएको ।
- **शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक क्रान्ति :-** सामुदायिक विद्यालमा तहगत प्रधानाध्यापक व्यवस्थापन गरि परीक्षा प्रणाली मर्यादित र एकरुपता गरी सबै विद्यालयहरुमा पक्कि भवन तथा आधुनिक कक्षा कोठा, ECD मा स्मार्ट टिभि, Kids

Box आधारभुत र माध्यमिक विद्यालयहरुमा स्मार्ट बोर्ड व्यवस्थापन तथा कक्षागत र विषयगत शिक्षक व्यवस्थापन गर्न शैक्षिक अनुदान प्रदान गरिदै आएकोछ ।

- **-नमुनाका रुपमा अंग्रेजी माध्यमको विद्यालय :-** संघीय सरकारको नमुना बिद्यालयको रुपमा छनोट भएको बडिमालिका माध्यमिक विद्यालयमा थप अनुदान प्रदान गरि कक्षा १ देखी ९ सम्म समान्तर रुपमा अंग्रेजी र नेपाली माध्यमबाट कक्षा सञ्चालन गरिएको छ ।

- **SEE** दिने बिद्यार्थीहरु लाई ४ वटा मा.वि.मा आवासीय कार्यक्रम संचालन गरिएको छ ।

- **विद्यालय खेलकुद प्रशिक्षक र सुरक्षा गार्ड :-** माध्यमिक बिद्यालयहरुमा विद्यालयको संरक्षण तथा अनुशासन समग्र व्यवस्थापनका लागि विद्यालय सुरक्षा गार्ड र सर्वाङ्गीण विकासका लागि खेलकुद प्रशिक्षकहरु ब्यवस्था गरिएको छ ।

- **कक्षा मिलान तथा विद्यालय समायोजन :-** शैक्षिक सुधारका लागि विद्यार्थी अनुपातका आधारमा कक्षा मिलान तथा विद्यालय समायोजन गरी कार्यन्वयन गरिएको छ । साथै स्थानीय आश्यकताका आधारमा बालबिकास केन्द्रलाई पनि हेरफेर गरिएको छ ।

आवश्यकताको आधारमा प्र.अ.शिक्षक र बि.ब्य.स.लाई क्षमता अभिबृद्धि तालिम तथा अभिमुखीकरण गरिदै आएकोछ ।

- **सामाजिक रुपान्तरण:-** सभ्य समाज निर्माणका लागि सामाजिक रुपमा रहेका ब्याप्त घटनाहरुलाई न्यूनिकरण गर्ने अभियानमा सहयोग पुर्यान वडा नं. ४ र ९ लाई बाल विवाह मुक्त वडा घोषणा गरिएको छ । बाँकी वडाहरुलाई बाल वालविह मुक्त घोषणा गर्न सार्थक पहल भइरहेको छ ।
- सम्पुर्ण वडाहरुलाई बालश्रम मूक्त वडा घोषणा गरिएको छ ।
- रास्कोट नगरपालिका साक्षर नगरपालिका घोषणा भइसकेको छ ।
- जेष्ठनागरिक मिलन केन्द्र स्थापना गरिएको छ ।
- आवधिक योजना र मध्यकालिन खर्च संरचना सहित ७४ वटा ऐन कानुन निर्माण गरि कार्यान्वयनमा रहेकाछन् ।
- निर्माणाधिन १५ सैयाको हस्पिटल भवनको निर्माण कार्य सम्पन्न भएको ।
- रास्कोट नगरपालिकाको सिरानीमा रहेको भिड छहरामा बृहत खानेपानी प्रशोधन केन्द्र स्थापना गरि निर्माणाधिन अवस्था रहेको छ ।
- एकीकृत स्वास्थ्य तथा सरसफाईका लागि ४ वटा मा.वि.हरुमा विद्यालय नर्सिङ्ग कार्यक्रम सञ्चालनमा रहेकोछ ।
- जेहेन्दार गरिव विद्यार्थीहरुको अध्ययनलाई सहयोग र प्रोत्साहन गर्न "मेयर छात्रवृत्ति कोष" स्थापना गरिएको छ । आ.व. २०८१/०८२ मा युनिभर्सल कलेज अफ मेडिकल साइन्स भैरहवामा MBBS मा अध्ययनरत रास्कोट नगरपालिका वडा नं. ८ का छात्र श्री जनकराज बराल लाई मेयर छात्रवृती कोष मार्फत रु. ५ लाख छात्रवृति प्रदान गरिएको छ ।

हामी निर्वाचित भए पछिका तिन वर्षहरुमा सामाजिक विकास, पूर्वाधार विकास र सुशासन तथा सेवा प्रवाहमा विषेश जोड दिदै उल्लेखनीय उपलब्धी हासिल गरेका छौं । आर्थिक विकासको आधार तय भएको छ, आगामी दिनहरुमा रास्कोट नगर बासिहरुको आय आर्जनमा बृद्धि गरि आर्थिक विकासमा सम्बृद्धि हासिल गर्दै,आत्मनिर्भर नागरिक बनाउने लक्ष्य लिएका छौं,

**अब म आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत् गर्दछु ।**

**दीर्घकालिन सोच : "सुखी नगरवासी, समृद्ध रास्कोट"** बनाउने रहेको छ ।

**नारा : "हामी बनाउछौ हाम्रो नगर"**

**लक्ष्य:- सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्न सभ्य सक्षम र आत्मिनर्भर यूक्त नागरिक तयार गर्ने ।**

**उद्देश्य :**

- सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी बनाउदै सुशासनको प्रत्याभूती दिलाउन मुस्कान सहितको सेवा प्रवाह गर्ने।
- स्मार्ट नगरपालिका बनाउने ।
- आत्मानिर्भर उद्यमशील रोजगारमुलक जनशक्ति निर्माण गर्ने ।
- रास्कोटका बाल बालिकालाई रास्कोटमै आत्म सम्मान सहितको गुणस्तरीय शिक्षा सामुदायिक विद्यालयबाट प्रदान गरिनेछ ।
- आवस्यकताको आधारमा विद्यालय समायोजन गरिनेछ ।
- स्वस्थ र निरोगी नागरिक बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- बालमैत्री, अपाङ्गमैत्री, संरचनाको निर्माण गर्ने ।
- सबै नागरिकको घरहरुमा स्वाच्छ खानेपानीको पहूँच पुर्याइने ।
- सानो तथा मझौला उद्योगमा लगानी गर्ने वातावरण बनाउने ।
- कृषिमा आत्मानिर्भर बनाउन सिचाईमा पहुँच विस्तार लगाएत कृषि आधुनिकीकरणमा ध्यान दिइनेछ ।
- बालमैत्री स्थानीय शासन, पूर्ण सरसफाई युक्त, बालविवाह मुक्त वडा र बालश्रम मुक्त नगरपालिका घोषणा गर्ने ।
- हरित, उत्थानसिल तथा समाबेशी र समतामुलक विकासको नगर बनाउने ।
- सबै काम कार्य डिजिटालाइजेसन गर्दै DATA सेन्टर लाई थप व्यवस्थित गर्ने ।
- रास्कोटका नागरिकहरुको यातायातको सुविधालाई मध्यनजर गरि नगर बस सञ्चालन गर्ने ।
- मुख्य बजार क्षेत्रहरुलाई स्मार्ट सिटिको रुपमा विस्तार गर्ने ।
- आन्तरीक राजश्वको दायरा विस्तार गर्ने ।
- नागरिकको स्वास्थ, सामाजिक सुरक्षा लगाएतका सेवा प्रवाह घर आगनमा प्रदान गर्ने ।
- आरन्तरिक आय वृद्धि गर्ने पर्यटकीय गन्तव्य स्थल बनाई इको टुरिजमको रुपमा प्रवद्धन गर्ने ।
- क्षेतडी पाटनमा स्की खेलको विकासमा जोड गर्ने ।
- कृषि उद्पादन बस्तुलाई प्रोत्साहन गर्ने ।
- गरिव एवं विपन्न तथा सेवाबाट बन्चित घर परिवारको सदस्यको बिमा सरकारले गरि दिने ।
- रास्कोट बहुमूखि क्याम्पस संचालन गर्न पहल गर्ने ।

**अपेक्षित उपलब्धी : खुसि र सुखारी नगरवासी बनाउने ।**

**आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु मूख्य प्राथमिकीकरण गरेको छ ।**

१. **“भरोसा होस नगर माथी, गाउँ घरमा स्वास्थ्य कर्मी साथी”** भन्ने कथनलाई आधारित बनाई सार्थक रास्कोट नगरपालिकाको **“मेयर हेल्थ केयर”**कार्यक्रम प्रभाबकारी रुपका निरन्तरता दिइनेछ ।

२. ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिकहरु र अपाङ्गता भएका व्यक्तिहरुलाई बैंक मार्फत **सामाजिक सुरक्षा भत्ता घर आँगनमा वितरण** कार्यक्रम निरन्नरता दिइनेछ ।

३. नगरपालिकामा गौरवको आयोजनाको रुपमा कृषि योग्य जमिनलाई सिँचाई गर्न एकिकृत बृहत् सिँचाई कुलाहरुमा छेत्तडी, भिडकुलो र बाँग्रि कुलो निर्माण कार्य लाई निरन्तरता संगै रास्कोट नगरपालिका देखि देउरा हुदै क्षत्तडि सम्म सडक निर्माण गरिने छ ।साथै पनेरी कुलोमा लगानी गरिनेछ ।

४. कालिकोट जिल्लाका संस्थापक एवं पूर्व मन्त्री स्वर्गीय धर्मदत्त उपाध्यायको सम्मानार्थ उहाँको नामबाट विद्यालय धर्मदत्त आधारभुत विद्यालय स्थापना गरिएको छ भने विद्यालयका लागि आवस्यक पर्ने भौतिक संरचनाहरु निर्माण गर्ने प्रकृया तुरुन्त थालनी गरिनेछ ।

५. सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत विपन्न नागरिकहरुका घर निर्माण गरिनेछ ।

६. प्रादेशिक रणनैतिक रास्कोट अस्पतालमा स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लिइनेछ । जनयुद्धकालिन सहिद परिवार, घाइते तथा अपाङ्ग विपन्न, असाय, सिमान्तकृत समुदाय,महिला स्वास्थ्य स्वंम सेविका र लामो समय देखी सामाजिक राजनितिक क्षेत्रमा योगदान पूर्याउदै आएका व्यक्तित्वहरुलाई १ लाख सम्मको उपचार सुविधा पाउने गरि स्वास्थ बिमाको प्रिमियम रकम नगरपालिकाले ब्यहोर्ने छ ।

७. प्ररम्परागतरुपमा रहेका रैथाने खाद्य बस्तुहरुको संकलन र विक्रि वितरण गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सँगको सहकार्यमा स्थापना भएको विक्रि वितरण केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । साथै कोदो, फापर, चिनो, कागुनो जस्ता रैथाने बालीहरुको उत्पादनका लागि नगरपालिकाबाट एक रणनीतिक अभियानका रुपमा लिइनेछ ।

८. रास्कोट नगरपालिकाका सबै घरहरुलाई स्वच्छ खानेपानीको पहुँचमा विस्तार गरि स्वच्छ खानेपानी युक्त नगरपालिका घोषणा गरिनेछ ।

९. विद्यालय शिक्षामा सबैको पहुच पुर्याउन समयानुकूल गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि अंग्रेजि माध्यामको पठनपाठनलाई थप प्रभावकारी बनाइने छ ।

१०.विद्यालय नर्सिङ्ग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११.कृषि संकलन केन्द्रलाई थप व्यवस्थित गरि प्रत्येक महिनाको १ गते कृषि हाटबजार संचालन गरिनेछ।

१२.पर्यटन प्रवर्द्धनमा विशेष जोड दिदै देउरा पाटन र क्षेत्तडी पाटनलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ।

१३.नागरिक निर्जीवन (घर विमा) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. जंगल, जल,जमिन र जनश्रमको परिचालन गर्न ४ ज को नीति अवलम्वन गरिनेछ ।

१५.दिगो बिकासका लागि भौतिक पूर्वाधार विकासका संरचनाहरुको स्तरोन्नती गरिनेछ ।

१६.आन्तरिक राजश्वको दायरा बढाई अपेक्षितरुपमा आन्तरिक राजश्व वृद्धि गरिनेछ ।

१७.सामाजिक सुरक्षा भत्तालाई राष्ट्रिय परिचय पत्र सँग लिङ्क गर्दै जैविक नवीकरण गरिनेछ ।

१८.दलित असाय तथा एकल महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१९.बजेटको उद्देश्य हाँसिल गर्न प्राथमिकता कायम गरी संघ, प्रदेश र निजि क्षेत्रसंग साझेदारीका आधारमा सहकार्य गरिनेछ ।

२०. बिनीयोजित बजेट अधिकतम खर्च गर्ने निति लिइनेछ ।

नगर सभा सदस्य ज्यूहरु

**अब म क्षेत्रगत निती र प्रथमिकता सम्मानित सभामा पेश गर्दछु** ।

**सामाजिक विकासः** शिक्षा, खेलकुद, सस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

**शिक्षा**

१. रास्कोटका वालबालिकालाई रास्कोटमा सिकाउन, टिकाउन र विकाउने नीति अनुरुप शैक्षिक क्रान्तिलाई निरन्तरता दिदै बिद्यार्थी प्रयाप्त भएका बिद्यालयलाई प्रोत्साहन र कम बिद्यार्थी भएका बिद्यालयलाई कक्षा समायोजन गरिनेछ ।

२."बालबालिका संग मेयर" कार्यक्रममा "हेलो प्यारेन्ट" कार्यक्रम अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

३. जनयुद्ध, जनआन्दोलनका, सहिद, घाइते, अपाङ्गता भएका, दन्द्ध पिडित, विपन्न दलित परिवारको छात्रछात्राहरु उच्च शिक्षा अध्ययनका लागि "मेयर छात्रवृत्ति कोष" लाई निरन्तरता दिइनेछ ।

४. बिद्यार्थिहरुको खेलकुद तथा सुरक्षाका लागि माद्यामिक बिद्यालयहरु र क्रमश सबै विद्यालयहरुमा घेरबार गरि विद्यालय सुरक्षा रणनिति अपनाइनेछ ।

५. शिक्षककहरुलाई उत्साहित गर्न तहगत प्रधानाध्यापक व्यवस्थापन गरी परिक्षा प्रणाली मर्यादित र एकरुपता कायम गरी विद्यार्थीहरुको उल्लेखनीय सिकाई उपलब्धी हाँसिल गर्न पहल गरिनेछ ।

६.माद्यामिक बिद्यालयका प्रधानाध्यपक र बिद्यालय सुरक्षा गार्डलाई आवासिय प्रबन्ध गरिनेछ ।

७.संघिय सरकारको नमुनाको रुपमा रहेको बडिमालिका माध्यमिक विद्यालयलाई कक्षा १ देखी १० सम्म समानान्तर रुपमा अंग्रेजी र नेपाली माध्यमबाट कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ ।

८. सामुदायिक विद्यालयमा संचालित कक्षा र विद्यार्थी संख्याको आधारमा कक्षागत र विषयगत शिक्षक व्यवस्थापन गर्न दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

९. दश वर्षिय शिक्षा योजना बनाई कार्यन्वयनमा ल्याईनेछ ।

१०. बिद्यालय मानसिक स्वास्थ्य कार्यक्रमलाई प्रभाकारी रुपमा कार्यान्वयन गर्दै निरन्तरता दिइनेछ ।

११. अब बन्ने विद्यालयका भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्रि, बालमैत्रि भौतिक संरचना बनाउन नीति लिइनेछ ।

१२.प्रारम्भिक बालविकास केन्द्रहरु र सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाउने E-learning . E- class, Smart Board, CCTV को व्यवस्थापन गरी सबै विद्यालयहरु प्रविधिमैत्रि बनाउदै लगिनेछ ।

१३. शिक्षाको आधारको रुपमा **"घर वलियो जगले राष्ट्र बलियो प्रारम्भिक बालविकासले"** भन्ने नाराका साथै प्रारम्भिक बालविकासमा लगानी अभिवृद्धि गरिनेछ ।

१४. विद्यार्थीहरुको व्यक्तिगत अभिलेख (प्रोफाइल) तयार गरि महिनाको अन्तिममा अभिभावक सहितको प्रगती समीक्षा गर्न विद्यालयलाई प्रोत्साहित गरिनेछ ।

१५.नगरपालिकामा आधारभुत तहको स्थानीय पाठयक्रम (हाम्रो रास्कोट हाम्रो पहिचान) तयार भई उपलब्ध गरी सकेको र थप पाठ्य पुस्तक निर्माणको प्रकृया अगाडी बढाइनेछ ।

१६.न्यून सिकाई उपलब्धी भएका बालबालिकाहरुको सिकाई उपलब्धी वृद्धि गर्न अतिरिक्त कक्षा सञ्चालन गरिनेछ ।

१७. शिक्षकहरुको क्षमता विकासका लागि विषयगत र तहगत रुपमा तालिमको ब्यवस्था गरिने छ ।

१८. रास्कोटको आवश्यकताको आधारमा बिद्यालय समायोजन गरिनेछ ।

१९. उपयुक्त भौतिक संरचना,कक्षाकोठा व्यवस्थापन,सुरक्षित घेरवार सहितका विद्यालय निर्माण गरिनेछ ।

## युवा तथा खेलकुद

१. **मेयर कप** लाई निरन्तरता दिइनेछ ।

२. खेलकुदको विकासको लागि रंगशालाको स्तर वृद्धि गर्न संघ,प्रदेश सरकार सँग पहल गरिनेछ ।

३. बालबालिकाहरुलाई प्रतिरक्षा र क्षमता प्रस्फुटनका लागि विभिन्न किसिमका खेल तथा बन्द प्रशिक्षण, प्रशिक्षक कार्यक्रम संचालन गरिनेछ ।

४. नेपालको संविधान २०७२ निर्माणका लागि राजनितिक संघर्षको थालनी भएको फागुन १ गतेको ऐतिहासिक दिनलाई नगरपालिकामा उत्सवको रुपमा मनाइनेछ ।

नगरसभाका सदस्यज्यूहरु

## स्वास्थ्य

१. **Nick Simmon Institute (NSI)** ले रणनितिक रास्कोट अस्पतालमा स्थलगत भर्मण गरि सकेको र आगामी वर्षमा उक्त कार्यक्रम संचालनका लागि पहल गरिनेछ ।

१. प्रादेशिक रणनितिक रास्कोट अस्पतालबाट बिषेशज्ञ सेवा सहित रेबिज विरुद्धको खोपलाई प्रभावकारीरुपमा थप विस्तार गरिनेछ ।

२. **"भरोसा होस नगर माथी,गाँउ घरमा स्वास्थ्य कर्मी साथी"** भन्ने नाराका साथ रास्कोट भित्रका जेष्ठ नागरिक, असहाय, अपाङ्गता भएका व्यक्तिहरु, गर्भवती महिलाहरु, वालवालिका तथा बिपन्न नागरिकहरुलाई घर आगनमा स्वास्थ घुम्तीसेवा महिनाको एक पटक पुग्ने गरी "मेयर हेल्थ केयर कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।

३. नगरपालिकामा १५ शैयाको प्रादेशिक रणनीतिक रास्कोट अस्पतालको स्तर वृद्धि गर्न संघ तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।

४. तोकिएका दिर्घ रोगका विरामीहरुलाई मासिक रुपमा आर्थिक सहायता स्वरुप मासिक रु ५ हजार प्रदान गरिनेछ ।र विपन्न नागरिकहरुलाई औषधि उपचार वाफत् आर्थिक सहायता कार्यक्रमलाई थप निरन्तरता दिइनेछ ।

५.महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहररुलाई उपलब्ध हुँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता गरिनेछ।

६. वाल स्वास्थ्य, खोप र सुरक्षित मातृत्व सेवालाई प्रभावकारी बनाउने "ह्याप्पि मदर्स" कार्यक्रम सञ्चालन गरिनेछ ।
७. पोषण वालरोगको एकीकृत व्यवस्थापन गर्नको लागि नसर्ने रोगको व्यवस्थापन कार्यक्रमलाई थप प्रभाकारी बनाइनेछ
८.आयुर्वेद उपचार पद्धतिलाई प्रवर्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।
९. नि:शुल्क स्वास्थ्य शिविर संचालनका लागि विषेश पहल गरिनेछ ।
१०. वहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
११.स्वास्थ्य म स्वास्थ्य मेरो सामुदायिक स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

१२.विद्यलय मानसिक स्वास्थ्य तथा परामर्श सेवालाई निरन्तरता दिइनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. लैगिक हिँसा विरुद्धको शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । निती,कार्यक्रम तथा बजेटलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिनेछ ।

२. जेष्ठ नागरिक, महिला, बालबालिका,सबै खाले अपाङ्गता भएका व्यक्ति, असहाय, एकल महिला लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत लक्षित वर्ग तथा सिमान्तकृत समुदायहरुलाई लक्षित गरी **"उप-प्रमुख लक्षित वर्ग सशक्तिकरण कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।

३. अभिभाबक विहिन तथा जोखिममा रहेका वाल बालिकाहरुलाई संरक्षण गर्ने **आपतकालिन बाल संरक्षण कोष**को परिचालन गरिनेछ ।
४. दलित महिला लगायतका महिलाहरुलाई व्यवसायिक सीप विकास गरी उद्यमी बनाउन आयमुलक, सीपमुलक तालिम प्रदान गरी आय आर्जनमा वृद्धि गरी स्वरोजगार, आत्मनिर्भर हुने गरी सशक्तिकरण कार्यक्रममा जोड दिइनेछ ।
५. नगर भित्रका युवा, बालबालिका, महिला तथा किशोर किशोरीहरुलाई लागू औषध दुर्व्यसनी, घरेलु तथा यौनजन्य हिंसा, बाल अधिकार तथा महिलाको हक सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
६. समान कामका लागि समान ज्यालाको नीति अवलम्वन गरिनेछ साथै स्थानीय पुर्वाधार सहयोग कार्यक्रम (LISP) को मोडलमा नगरपालिकाका योजनाहरु संचालन गरिनेछ ।
७. जेष्ठ नगरिक, महिला, अपाङ्गता लगाएत लक्षित वर्गहरुलाई "**मिलन केन्द्र**" व्यवस्थित गरिनेछ ।
८. लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका ब्यक्तिहरुको पहिचान गरि सिपमूलक तथा आयमूलक रोजगारीमा जोडिनेछ ।
९. बालवालिकाको र अपाङ्गता भएका व्यक्तिहरुको प्रोफाइल तयारी कार्यन्वयन ल्याइनेछ ।
१०.अपाङ्गता रोकथाम तथा पुन स्थापना साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।
११.वालिका सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
१२.दलित असाय तथा एकल महिला सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
१३. अपाङ्ग बाल अस्पताल तथा पूर्नस्थापना केन्द्र सुर्खेतसँग साझेदारी गरि स्वास्थ्य सेवा कार्यक्रम गरिनेछ ।

## समाजिक सुरक्षा तथा पञ्जीकरण

१. ६० बर्ष भन्दा माथीका जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई घर दैलोमा बैंकिङ प्रणाली मार्फत **गाँउ घरमा सामाजिक सुरक्षा भत्ता** वितरणलाई थप व्यवस्थित गरिनेछ ।
२.सामाजिक सुरक्षा भत्तालाई राष्ट्रिय परिचय-पत्र संग लिङ्क गर्दै जैविक नवीकरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।
३. नागरिक वडापत्रलाई अद्यावधिक गरी स्तरीय डिजिटल प्रबिधिको प्रयोग गरिनेछ ।
४. वडा सचिवहरुलाई तालिमको व्यवस्था गरि वडा कार्यालयलाई व्यवस्थित बनाइ सेवा प्रवाहमा गुणस्तर ल्याइनेछ साथै सवै सेवाहरु online मार्फत गरिनेछ ।
५.नगरपालिकामा एक राष्ट्रिय परिचय-पत्र प्रविष्ट गर्ने इकाई स्थापना गरिनेछ ।

## खानेपानी तथा सरसफाई

१. एक घर एक धारा कार्यक्रमलाइ निरन्तरता दिई एक वर्ष भित्र सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुर्याइनेछ ।
२. बृहत खानेपानी आयोजना निरन्तरताका साथै बिस्तार गरी सञ्चालनमा ल्याइनेछ ।
३. मुहान देखी मुख सम्म खानेपानीको शुद्धता कायम गर्न परिक्षणलाई अनिवार्य गरिनेछ ।
४. नगर भित्रका सार्वजनिक स्थानहरुमा खानेपानी धाराको व्यवस्था गरी सार्वजनीक शौचालय निर्माण गरिनेछ ।
५. बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न एक घर एक डस्बिन वितरण गरिनेछ र नगरपालिकामा एक डम्पिङ्ग साइट बनाइनेछ ।
६. प्लाष्टिक तथा सिसाजन्य फोहोर उत्पादनमा न्यूनिकरण गरिनेछ ।
७.आधारभूत मापदण्ड तयार गरिएका घरलाई एन वास प्रणालीमा जोडि पूर्ण सरसफाइ यूक्त वडा घोषण गर्ने कार्य सञ्चालन गरिनेछ ।

## आर्थिक विकासः कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्रहरु

### कृषि

१."कृषिमा आत्मनिर्भर, घर घरमा रोजगार" भन्ने नीति कृषि हवको रुपमा विकास गरिनेछ ।
२. एक घर एक बगैचा कार्यक्रमलाई निरन्तरता दिनुका साथै वेमौसमी तथा मौसमी व्यवसायिक तरकारी खेतीको प्रर्वधन गरिनेछ ।
३. रास्कोटलाई मिठो ओखर हवकोरुपमा विस्तार गरिनेछ ।
४.नगरपालिकाको सार्वजनिक जग्गामा भोगचलन गरेका नागरिकलाई भूमि वर्गीकरणका आधारमा "भूमी बैंक" बनाइ भाडामा दिइनेछ ।
५. कृषिको व्यवसायिकीकरण, आधुनिकीकरण, वैज्ञानिकीकरण कृषि प्रणालीलाई वातावरण तथा जलवायु अनुकुल बनाउदै आर्थिक वृद्दिको आधार तय गर्ने नीति अवलम्वन गरिनेछ ।
६. लोभ भइ रहेका अन्न वालीहरु कोदो, फापर, चिनो, कागुनो जस्ता रैथाने बालीहरुको संरक्षण र प्रवद्धन गरि उत्पादन बढाउन प्रोत्साहन गरि आवश्यक बजारीकरणको व्यवस्था गरिनेछ ।
७. कृषिमेला प्रदर्शनी, उन्नत र परम्परागत बिउ वितरण, सानासिंचाई तथा प्लाष्टिक पोखरी, भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
८.स्थानीय कुखुरा, कालिज, च्याखुरा,बाखा,भेडा तथा भैसी पालन व्यवसाय विस्तारका लागि निजि फर्म,समुह तथा सहकारीलाई उद्यमशीलतामा जोड दिईनेछ ।
९. किसानहरुलाई कम्पोष्ट मल, गड्यौला मल, प्राङ्गगारीक मल बनाउन प्रोत्साहन गरिनेछ ।
१०. दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्न समूह, सहकारी तथा निजि क्षेत्रसँगको सहकार्यमा नगरमा एक दुग्ध डेरीलाई प्रोत्साहन गरिनेछ ।
११. नगर भित्रका पशुपंक्षी फर्म, मासु पसल, एग्रोभेट दर्ता गरी नियमन गरिने छ ।
१२. कृषकलाई आत्मानिर्भर बनाउन ट्राउट माछा पालनका लागि अभिप्रेरित गरिने छ ।

### उद्योग तथा वाणिज्य

१.घरेलु तथा वाणिज्य तर्फका सम्पुर्ण कार्यहरु यस नगरपालिकामा दर्ता तथा नविकरणलाई निरन्तरता गरिनेछ ।
२.नगरपालिका भित्र व्यवसायिक रुपमा सञ्चालनमा रहेका होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ र अत्यावश्यक उपभोग्य वस्तुहरुको मूल्यमा एकरुपता कायम गरिनेछ ।
३. माटोको भाडा बनाउने उद्योगलाई प्रोत्साहन गरिनेछ ।
४. स्थानीय कच्चा पदार्थ तथा सीपमा आधारित श्रममूलक उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
५. यस आ.व. मा कम्तिमा ५० जनालाई उद्यमशिलताका लागि सिप विकास तालिम दिई रोजगारी सिर्जना गरिनेछ ।

## यातायात

१. रास्कोट नगरपालिका भित्रका सम्पूर्ण नागरिकलाई सर्वसुलभ यातायातको पहुँच पुर्याउनका लागि रिङ्ग रोडको स्तरउन्नती गरी नगर बस संचालन गरिनेछ ।

२. यातायात गुरु योजना (MTMP) निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।र निर्माण भएका सडकहरुको लगत कट्टा गरि व्यवस्थित गरिनेछ ।

३.सान्निगाड देखि रास्कोट सम्मको कालोपत्रे सडकको काम गतिशिलरुपमा समयमै सम्मन्न गर्न पहल गरिनेछ ।

## पर्यटन तथा संस्कृति

१. रास्कोटी जनताको आर्थिक समृद्धिमा टेवा पुर्याउन देउरामालिका मन्दिर तथा मलायगीरी पाटन र क्षेत्तडि पाटनलाई रास्कोट पर्यटकीय हवको रूपमा विकास गरी सडकको पहुँच पुर्याइनेछ ।

२.नगरपालिका भित्र रहेका ऐतिहाँसिक रास्कोट दरवार, देवल, धार्मिक स्थलहरु र स्यम्भुनाथ मन्दिरलाई धार्मिक तथा सांस्कृतिक क्षेत्रको रुपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य स्थल बनाइनेछ ।

३. रास्कोट नगर क्षेत्र भित्र पर्यटन प्रर्वधनका लागि **होमस्टे** निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ

४. परम्परागत लोपोउन्मुख कर्नाल, पञ्चेबाजा, लोकबाजा, लोकगीतहरु जस्ता सांस्कतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र सम्वर्धन गरिनेछ ।

नगरसभा सदस्यज्यू

## सहकारी

१. सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण गरी उद्धेश्यमा आधारित वित्तीय सुशासन कायम गर्न संस्थागत क्षमता विकास गरी उत्पादनमा वृद्धि गरिनेछ ।

२. वित्तीय संस्थाले जवरजस्ती रुपमा लगानी गर्ने ऋण होडबाजी भएकाले । यसको न्यूनीकरणका लागि नियमन गरिनेछ।

३.स्थानीय सरकार र सहकारी साझेदारी कार्यक्रम संचालन गरिनुको साथै ।(जस्तै वित्तीय साक्षरता, व्यवसायिक सीप विकास तालिम र अन्य महिला सशक्तीकरण सम्बन्धि) कार्यक्रम सञ्चालन गरिनेछ ।

## वित्तीय क्षेत्र

१. वित्तीय संस्थालाई व्यवसायिक कृषि तथा अन्य आयमूलक कार्यमा ऋण लगानी गर्न पहल गरिनेछ ।

२. विपन्न नागरिकहरुलाई सहुलियत ऋण बृद्धि गर्न राष्ट्रिय वाणिज्य बैंक सँग समन्वय गरिनेछ ।

३. रास्कोट नगरपालिका भित्रका घर जग्गालाई धितो राखी कर्जा प्रवाह गर्नका लागि पहल गरिनेछ ।

## युवा तथा रोजगार

१. **"श्रमको सम्मान, राष्ट्रको अभियान"** भन्ने नारालाई आत्मासाथ गरिनेछ ।

२. प्रधानमन्त्री रोजगार,मुख्य मन्त्री रोजगार कार्यक्रमलाई स्थानीय विकास पूर्वाधार कार्यक्रम संग साझेदारी गरिनेछ ।

३. विदेशबाट फर्किएका युवाहरुलाई कृषि तथा युवा उद्यमशीलतामा जोड्न पहल गरिनेछ ।

४. कृषि आर्य आर्जनमा जोडी युवा स्वारोजगार बनाउन पहल गरिनेछ ।

५. बेरोजगार युवाहरुलाई विभिन्न किसिमका सीप विकास तालिमहरुको व्यवस्था गरी रोजगारीमा जोड दिइनेछ ।

६. आगामी आर्थिक वर्षमा १ हजार बढी जनालाई अल्पकालीन रोजगारी उपलब्ध गराइनेछ ।

## राजश्व

१."कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो" भन्ने अवधारणाको विकास गर्न **करको दर होईन दायरा बढाउने** नीति लिईनेछ ।

२. एकीकृत राजश्व संकलन प्रणालीलाई अनलाईन पद्धतिबाट भुक्तानीलाई व्यवस्थित गरि राजश्व संकलन कक्ष स्थापना गरिनेछ । अफलाईन राजश्व संकलनलाई निरुत्साहित गरिनेछ ।

३. संघ र प्रदेश सरकारको समन्वयमा ढुङ्गा, गिट्टी, बालुवा तथा वन पैदावरबाट राजश्व संकलन गर्ने नीति लिइनेछ ।

४. नगरपालिका भित्रका व्यवसायी उद्यमी वाणिज्य तथा आपुर्ति कर्ता र वित्तीय संस्थाहहरुलाई व्यवसाय करको दायरामा ल्याइनेछ ।

५. नगरपालिका लगाएत लेकाली भेगमा भोक चलन गरी रहेको सार्वजनिक जग्गा भाडामा दिई राजश्वको दायरामा ल्याइनेछ ।

घर वाहल करलाई राजश्वको दायरामा ल्याइनेछ ।

**पूर्वाधार विकासः उर्जा, सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास**

**स्थानीय सडक तथा पुल**

### पूर्वाधार

१. रास्कोट नगरपालिकामा निर्माण भएका सडक क्षेत्रमा पर्ने जग्गाको लगत कट्टा कार्य अगाडी बढाइनेछ।

२. व्यवस्थित बसोबास र सुन्दर सहर निर्माणका लागि नगरपालिकाका विभिन्न ठाँउमा निर्माण भइरहेका एकीकृत वस्ती विकासको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. स्थानीय पूर्वाधार विकास आयोजना निर्माण गर्दा जलवायु उत्थानशिल, हरित पुर्नलाभ, उत्पादनशिल, विपद व्यवस्थापन र श्रममा आधारित आयोजनालाई प्राथमिकता दिने नीति लिई कार्यन्वयन गरिनेछ ।

४. रास्कोट नगरपालिकामा बसपार्क निर्माण गरिनेछ ।

५. रास्कोट नगरपालिकाको चक्रपथ निर्माण तथा नगर भित्रका सहायक सडकहरुलाई मुख्य सडक सञ्जालसंग जोड्ने कार्यलाई प्राथामिकता दिइनुको साथै सडकहरुको स्तरोन्नती गरिनेछ ।

६. सान्निगाड देखी बजार क्षेत्र सम्म कालो पत्रे सडक विस्तार गरी हरित र वातावरणमैत्री सडक निर्माण गर्ने नीति लिइनेछ ।

७. देउरामालिका सम्मको सडको स्तरोउन्नती गरी त्रिवेणी सम्मको सडक निर्माणका गर्न पहल गरि कार्यन्वयन गरिनेछ ।

८. छिमेकी पालिका सान्नी त्रिवेणीसँग सहज आवत जावतका लागि काब्डा र साँकेज्युला जोड्ने झोलुङ्गे पुल निर्माण गरिनेछ ।

९.नगरपालिका प्रवेश द्वार शान्ती घाटमा स्वागत गेट निर्माण गरिनेछ ।

१०. रास्कोट नगरपालिकाका सिचाई कुलो,सडक,पुल र भवनहरुको लगाएत सार्वजनिक सम्पतिलाई सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS-V2) राखिनेछ ।

### उर्जा

१. रास्कोट नगरपालिकामा बन्दै गरेको सव स्टेसन निर्माणको काम तिब्र गतिमा अगाडि बढाउन आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

२. वैकल्पिक उर्जाका माध्यमबाट नगरपालिकाको मिनि मार्केटमा सडक बत्ती जडान गरिएको छ । अन्य क्षेत्र र मुख्य बस्तीहरुमा समेत सडक बत्ती जडान कार्य गरिनेछ ।

३. रास्कोटको प्रत्येक घर धुरीमा आधुनिक सुधारिएको चुलो वितरण गरी सोको प्रयोगबाट हुने कार्बन उत्सर्जनको कमीलाई अभिलेखीकरण गरी कार्वन ट्रेडसंग आबद्ध गरिनेछ ।

### सिंचाई

१. साविक विद्यमान सिंचाईका पूर्वाधारहरुको मर्मत सम्भारका साथै थप आयोजनाहरु कार्यन्वयमा जोड दिइनेछ ।

२. मुलमा भएको पानीलाई खेतमा पुर्याउने नीति लिइनेछ ।

३. विगत वर्षको बाढी पहिरोले क्षति भएका सिंचाई कुलाहरुको पुन:निर्माण प्रकृयालाई अगाढी बढाइनेछ।

४. कृषिका पकेट क्षेत्रहरुका लागि अनिवार्य सिचाईको सुनिश्चित गर्न आवश्यक संरचना निर्माण गरिनेछ।

५.आधुनिक सिंचाई प्रविधिहरुको प्रयोगबाट जल सदुपयोग रणनीति अपनाइनेछ ।

### सञ्चार

१. रास्कोट नगरपालिकालाई सूचना तथा प्रविधि मैत्री नगर बनाउनका लागि आवश्यक संरचनाको कार्य सम्पन्न गरिनेछ ।

२. गुनासो सुनुवाई कार्यलाई कार्यन्वयन गर्न हटलाइन सेवा सुचारु गरी “हेलो मेयर कार्यक्रम” निरन्तरता दिईनेछ ।

३. नगरपालिका भित्रका सबै सेवा कार्यालयहरुका क्रियाकलापहरुमा अनिवार्य अनलाइन प्रणालीको माध्यमबाट सेवा प्रवाह गर्ने निति लिइनेछ ।

४. सेवा प्रवाहका लागि वेभसाइट, फेसबुक, मोबाइल एप्स, यस एम एस अर्लटको व्यवस्थापन गरी सूचना प्रवाह गरिनेछ ।

भवन तथा सहरी विकास

१. रास्कोट नगरपालिका इलाका प्रशासनिक कार्यालयको भवन निर्माण तिब्रताका साथ अगाडि बढाउन पहल गरिनेछ ।

२. सबै वडा कार्यालयहरुको प्रशासनिक भवन सम्पन्न गरिनेछ ।

३.रास्कोट नगरपालिकामा सुविदा सम्पन्न रास्कोट खुल्ला मञ्च निर्माण गरिनेछ ।

४. आर. सि. पि. बजारको मिनि मार्केटलाई थप व्यवस्थित तथा स-विस्तार गरिनेछ ।

५. सहरी विकास तथा भवन निर्माण आचारसंहिता २०७२ लाई कार्यन्वयनमा ल्याइनेछ ।

६. हालसम्म निर्माण भएका सबै प्रकारका घरहरुलाई नगरपालिकाको नियम अनुसार अभिलेखीकरण गरी प्रमाणीकरण गर्ने कार्य अघि बढाइनेछ ।

७. नयाँ बन्ने पक्कि भवनहरु अनिर्वाय नक्सा पास गरेर मात्र लागाउने नीति लिइनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु**

सुशासन तथा संस्थागत विकास

१. सुशासन प्रर्वद्धनका लागि "मुस्कान सहितको सेवा" भन्ने मुल नारालाई रास्कोट नगर कार्यापालिका भित्रका सम्पूर्ण सेवा प्रदायक कार्यालयहरुमा अवलम्वन गरिनेछ ।

२. सुरक्षा, सुशासन र प्राकृतिक सम्पदाको संरक्षणका लागि नगर प्रहरीको संगठन र कार्यक्षेत्र विस्तार गरिनेछ ।

३. सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकाको एक **सोधपुछ तथा हेल्प डेक्स** निरन्तरता दिइनेछ।

४. **"उपभोक्तासँग उप प्रमुख कार्यक्रम"** मार्फत सुशासन प्रवद्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

५.आयोजना मर्मत सम्भार विकास कोषको व्यवस्थापन गर्ने नीति लिई सोही बमोजिम कार्यक्रम तय गरिनेछ।

६. प्रदेश तथा संघका कार्यालयबाट कार्यन्वयन भईरहेका योजना तथा कार्यक्रमहरुको कडाइका साथ अनुगमन तथा मूल्याङ्कनलाई थप प्रभावकारी रुपमा गरिनेछ ।

७. कार्य संपादनका आधारमा कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार र पृष्ठपोषण नीति लिइनेछ ।

८. त्रैमासिक रुपमा नगरपालिकाको सार्वजनिक सुनुवाई नियमित गरिनेछ ।

९. सुरक्षा संवेदनशील भएका स्थानहरुमा प्रहरी विट स्थापना गर्ने, सुरक्षा निगरानी वृद्धि गर्ने र मुख्य बजार क्षेत्रहरुमा सि.सि.टि.भि. जडान र थप विस्तार गरिनेछ ।

१०. २०७४ साल देखी हाल सम्म शिक्षा र स्वास्थ्य लगायत करार कर्मचारीलाई पारिश्रमिक दिएको रकमलाई महालेखा परिक्षकको कार्यालयले उल्लेख गरेको बेरुजु फछ्र्यौट गर्न आवश्यक प्रकृया अगाडि बढाइनेछ ।

११. रास्कोट नगरपालिकामा विकास साझेदार संस्थाहरुलाई नगरपालिकाको विकास र समृद्धिको बलियो खम्बाको रुपमा लिदै गैरसरकारी संघ संस्थालाई काम गर्न प्रोत्साहन गरिनेछ ।

१२. नगरपालिकाको समग्र वस्तुस्थिती झल्काउने नगर पाश्वचित्र तयार गरिनेछ ।

१३. नगरपालिकामा स्थानीय अनुकुलन कार्य योजना (LAPA) निर्माण गरिनेछ ।

१४. न्यायीक समितिमा आएका मुद्दाहरु अधिकांश मेलमिलापका माध्यमबाट फछ्यौंट गर्ने गरेको र आगामी दिनमा अझै चुस्त दुरुस्त बनाइनेछ ।

१५.संघ,प्रदेश तथा नगरपालिकाद्धारा सम्पूर्ण ठेक्का तथा उपभोक्ता समितिबाट संचालित आयोजनाहरुमा नगरपालिका अनुगमन समितिको सिफारिसबाट मात्र भुक्तानी गरिनेछ ।

१५. नगरपालिकाका समग्र विषयमा कानुनी सहजता,कानुनी स्पष्टता र कानुनको शासनको प्रत्याभुती दिलाउनका लागि,कानुनी काममा सहयोगका लागि आवश्यक कानुनी परामर्श सेवा लिइनेछ । जनप्रतिनिधी,शाखा र कर्मचारीहरुलाई आवश्यक परेको बखत कानुनी परामर्श सल्लाह दिने ब्यवस्था गरिनेछ ।

१६. नगरपालिकाको प्रशासकीय भवनमा स्थनपान कक्ष व्यपवस्थित गरिनेछ ।

१७.न्यायीक इजालसलाई व्यवस्थित गरिनेछ ।

## वन तथा वातावरण

१. **"एक घर अनिवार्य पाँच विरुवा"** को नीति लागु गरिनेछ । लोप हुन गइरहेका बहुमूल्य जडिबुटी रोकथामका साथै रुद्दराक्ष र बुद्दचित्र जस्ता विरुवा उत्पादन गर्न प्रोत्साहन गरि जैविक विविधताको संरक्षण र वन क्षेत्रको व्यवस्थापनलाई उच्च प्रथमिकता दिइनेछ ।

२. सामुदायिक तथा राष्ट्रिय वन संयन्त्र संग समन्वय गरि वन क्षेत्रको नियमन गरिनेछ ।

३.बाढी पहिरोबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यवस्थापन र वृक्षरोपण कार्यलाई अगाडी बढाइनेछ ।

४. अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा खानी र गिट्टी तथा बालुवा उत्खनन्लाई रोकी व्यावस्थित गरिनेछ ।

५. रास्कोट नगरपालिकाका क्षेत्रभित्रका सबै बाजो जमिनमा किनारमा बाँस,निगालो, उत्तिस, वैस लगाएतका रुख विरुवा रोप्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ ।

६. स्थानीय पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयन गर्दा सम्भावित वातावरणिय जोखम तथा
प्रभापको अध्ययन गरिनेछ ।र वायु इन्जिनिरिइङको प्रयोग गरि ठूला तथा गौरवका आयोजनाहरुका लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEA)
तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरिनेछ ।

७. हरित पुर्नलाभ तथा समावेशी विकास पद्धति (GRID Approach) को पुर्ण अवलम्वन गरि पूर्वाधार विकासका आयोजनाहरु जलवायु उथानशिल,श्रम केन्द्रित,नतिजामूखी दिगो रुपामा विकास गर्ने नितीलाई उच्च प्राथमिकताका साथ अवलम्बन गरिनेछ ।

## विपद् व्यवस्थापन

१. विपद् जोखिम न्यूनीकरण गर्न आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना गरिनेछ ।

२. विपद् जोखिम न्यूनिकरणका लागि पूर्व तयारी गरिनेछ ।

३. विपद्का योजना तयार गर्दा विपद् न्यूनीकरण र दिगो विकासका विषयमा विशेष ध्यान दिइनेछ ।

४. अग्नि नियन्त्रणका लागि दमकलको व्यवस्थापन गर्न संघ, प्रदेश सरकार र अन्य निकाय संग समन्वय गरिनेछ ।

## भुमि व्यवस्थापन तथा वस्ती विकास

१. भू-उपयोग नीतिका आधारमा दिगो विकास तथा वातावरण संरक्षणको लागि भू -उपयोग नीति अवलम्बन गरिनेछ ।

२. वैज्ञानिक भुमि व्यवस्थापन प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

३. नगरभित्र रहेका सरकारी, सार्वजानिक, ऐलानी जग्गाको आवश्यक प्रकृया पुरा गरी करको दायरामा ल्याईनेछ ।

४. "भूमि बैंकको स्थापना गरी खेती योग्य बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरिनेछ ।

अन्तमा, नगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरुमा समृद्ध, सुरक्षित, जीवन्त र सुन्दर नगर बनाउन हाम्रो दृढ सङ्कल्पितरुपमा अविचलित छु । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्व प्रदान गरिनेछ । साथै नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रममा सिर्जनात्मक सल्लाह सुझाव दिने र कार्यान्वयनमा सहयोग पुर्याउने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधिहरु, राजनितिक दल, नागरिक समाज, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, नगरका राष्ट्रसेवक कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा समृद्ध नगरपालिका निर्माण र "हामी बनाउछौं, हाम्रो नगर" भन्ने सोचलाई साकाहार गर्ने अभियानमा सबैको योगदानको अपेक्षा सहित हार्दिक अपिल गर्दछु । धन्यवाद ।

नमस्कार ।

**धर्मराज शाही (पोषण)**
**नगर प्रमुख**
**रास्कोट नगरपालिका कालिकोट**